सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घट्टाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७९।०८०

च.न. ९४२

मितिः २०७९/९/२१

श्री सबै शाखा प्रमुखहरु,

सरुमारानी गाउँपालिका, प्यूठान ।

श्री वडा कार्यालयहरु सबै

सरुमारानी गाउँपालिका, प्यूठान ।

बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/९/१७ गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागी यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

..............................

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय

## गाउँकार्यपालिकाको मिति २०७९/०९/१७ गतेको बाह्रौं बैठकका प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्बन्धमा ।

२. संघीय समपुरक अनुदान योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

३. संघीय विशेष अनुदान योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा

४. गाउपालिका स्तरीय १० शैया अस्पतालको थप खर्च ब्यहोर्ने सम्बन्धमा ।

५. ग बर्गको अपांगता भत्ता बृद्धि गर्ने सम्बन्धमा ।

६. बड्डाडा उपल्लो खुट्टी तिराम मो.बा.को ठेक्काखोल्ने सम्वन्धमा ।

७. बजेट विनियोजन सम्वन्धमा ।

८. बजेट शिर्षक संशोधन सम्बन्धमा ।

९. शैक्षिक योजना निर्माणको लागी कार्यदल गठन सम्बन्धमा ।

१०.६ न. वडाका पहिरो पिडितहरुको घरभाडा भुक्तानी सम्बन्धमा ।

११. सडक बत्ती र सिसिक्यामेरा मर्मत सम्बन्धमा ।

१२. प्रहरि विट मर्मत तथा स्थापना खर्च सम्वन्धमा।

१३.प्रदेश समपुरक योजना सम्बन्धमा ।

१४.ढुंगा, गिट्टि बालुवाको ठेक्का खोल्ने सम्बन्धमा ।

१५.आर्थिक सहयोग सम्वन्धमा ।

१६.विविध सम्बन्धमा ।

- पोष्टमार्टम र गाडी भाडा खर्च भुक्तानी सम्बन्धमा ।
- योजनाको नाम संशोधन सम्बन्धमा ।
- पहिरो पिडितको लागी खाद्यन्न सहयोगको भुक्तानी सम्बन्धमा
- जे.सी.भि को भाडादर सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर थिङ्गा मगर
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बंगेदाडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## बैठक संख्या-१२

गाउँकार्यपालिकाको एघारौ बैठकका निर्णयहरु-२०७९/०९/१७ गते

### निर्णय न. १ गत बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव न.१ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/८/१९ गतेको बैठकमा भएका निर्णय मध्ये सबै निर्णयहरु कार्यान्वयन भएको/प्रकृयामा गएको विषयमा समिक्षा/जानकारी भयो ।

### निर्णय न.२ संघीय समपुरक अनुदान योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव न.२ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०७९/०८/१९ गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०८०/०८१ को लागी समपुरक अनुदानको लागी प्रस्ताव माग भएकोमा विगत आर्थिक बर्ष कार्यान्वयनमा रहेको तपशिलको योजना सम्पन्न हुन बाकी रहेकोले यस गाउँपालिकाको पहिलो प्राथमिकतामा परेको योजना भएकोले सो योजनाको लागी रु.२,००,५०,०००/- प्रस्ताव तयार गरी पठाउने साथै सो योजनाको लागी गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

तपशिल

| सि. न | योजनाको नाम | योजना स्थल | आ.ब.२०८०/०८१ लागी अनुमानित बजेट | | |
|---|---|---|---|---|---|
| | | | समपुरक अनुदान रु | स्थानीय तहको साझेदारी रु | जम्मा |
| १ | ऐरावती बड्डाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना **(क्रमागत)** | सरुमारानी गाउँपालिका वडा न. ३, ४, ५ र दाङ्गको बंगलाचुली गाउँपालिका | १ करोड मात्र | १ करोड ५० हजार | २ करोड ५० हजार मात्र |

कृष्ण बहादुर थिङ्गा मगर
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर थिङ्गा मगर
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बंदेरा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गंगा बहादुर विष्ट
गा.पा. अध्यक्ष

**निर्णय न.३. संघीय विशेष अनुदानका योजना प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव न.३ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०७९/८/१९ गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०७९/०८० को लागी विशेष अनुदान अन्तर्गत समावेशीकरण तथा मुलप्रबाहीकरण शिर्षकमा तपशिलको कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | प्रस्तावित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अति विपन्न तथा पिछडीएको बर्ग/समुदाय उत्थान कार्यक्रम | सरुमारानी गाउँपालिका | २५००००००/- | |

**निर्णय न.४ गाउपालिका स्तरीय १० शैया अस्पतालको थप खर्च ब्यहोर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथी छलफल गर्दा यस गाउँपालिकाको १० शैया अस्पतालको डिपिआर तयार गर्दा नेपाल सरकारले १० शैया अस्पताल निर्माणको लागी नेपाल सरकारबाट प्राप्त हुने लागत भन्दा बढि रकम यस गाउँपालिलकाले ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय न. ५ ग बर्गको अपांगता भत्ता बृद्धि गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथी छलफल गर्दा यस गाउँपालिकाबाट स्वीकृत मध्यम अपाङ्गता सहायता कोष कार्यान्वयन कार्यविधि २०७६ बमोजिम अपाङ्गता परिचय पत्रको वर्गीकरण अनुसार 'ग' वर्गलाई मासिक रु. ५००/- का दरले रकम उपलब्ध गराइने ब्यबस्था भएता पनि यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०७९/०८० को बार्षिक बजेट, निति तथा कार्यक्रममा ग' वर्गका अपाङ्गता भएका ब्यक्तिहरुको मासिक सामाजिक सुरक्षा भत्ता दोब्बर बनाउने उल्लेख भएकोले २०७९ श्रावण देखी नै ग' वर्गका अपाङ्गता भएका ब्यक्तिहरुको मासिक भत्ता रु. १०००/- उपलब्ध गराउने र सोही बमोजिम कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय न.६ बङ्गाडा उपल्लो खुट्टी तिराम मो.बा.को ठेक्काखोल्ने सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथी छलफल गर्दा यस गाउँपालिकाको चालु आ.ब. २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत बङ्गाडा उपल्लो खुट्टी तिराम सडक नयाँ ट्र्याक निर्माण योजनाको जिम्मा पाएको हमाल बिल्डर्सले बिचमै काम छोडी गएकोले यस वर्ष विनियोजित बजेटबाट उक्त निर्माण

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गंगा बहादुर विष्ट
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

कम्पनी सँग संझौता भएको क्षेत्र बाहेकको क्षेत्र अर्थात उपल्लो खुट्टी देखि तिराम खण्डमा १ करोड रकम बराबरकै ठेक्का खोल्ने प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न.७ बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथी छलफल गर्दा यस गाउँपालिकाका चालु आ.व. को बार्षिक स्वीकृत कार्यक्रम मध्ये तपशिलका योजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागी बजेट अपुग भई कार्यान्वयन गर्न कठिन भएकोले अधिल्लो बर्षमा खर्च नभई बचत रहेको अल्या रकमबाट थप रकम विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | योजना/कार्यक्रमको नाम | थप गरिएको बजेट | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय सभाहल मर्मत | ४००००० | |
| २ | विधुत मिटरबक्स तथा तार खरिद | ५००००० | |
| ३ | राष्ट्रपति रनिङ्गसिल्ड | १००००० | |
| ४ | गाउँपालिका स्तरीय खेल मैदान मर्मत वडा न. २ मैदान | ५०००० | |
| ५ | बांगेशाल सिचाई योजना मर्मत वडा न. १ | ५०००० | |
| ६ | माघे संक्रान्ति मेला कार्यक्रम वडा.न. ६ | ३०००० | |
| ७ | दर्भान वजार नाली निर्माण वडा न. २ | २०००० | |

**निर्णय न.८ बजेट शिर्षक संशोधन सम्बन्धमा ।**

- यस गाउँपालिकाको मिति २०७९/७/१९ गतेको कार्यपालिकाबाट प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ लाई सफल बनाउन स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रम संचालनको लागी परिचालन भएका महिला स्वास्थ्य स्वंयसेविका/ सहजकर्ताको लागी सुविधा कार्यविधि अनुसार प्रति ब्यक्ति रु.१०,०००/- विविध शिर्षकबाट उपलब्ध गराउने निर्णय भएकोमा सो भन्दा उपर्युक्त शिर्षक अन्य विभिन्न दिवश तथा कार्यक्रम शिर्षकबाट भएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।
- यस गाउँपालिकाको मिति २०७९/७/१९ गतेको कार्यपालिकाबाट नेपाल सरकारबाट स्वीकृत मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामी ब्यक्तिहरूलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ बमोजिम

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

यस गाउँपालिका अन्तर्गत बिभिन्न ब्यक्तिहरुलाई औषधि उपचार बापत मासिक ५०००/- दरले दिने रकम विविध खर्च शिर्षक/खाताबाट भुक्तानी दिने निर्णय भएकोमा उक्त शिर्षक परिबर्तन गरी दिर्घरोग स्वास्थ्य सहायता शिर्षकबाट भुक्तानी गरि सोघभर्ना लिने निर्णय गरियो ।

**निर्णय न.९ शैक्षिक योजना निर्माणको लागी कार्यदल गठन सम्बन्धमा ।**

प्रस्ताव न. ९ माथी छलफल गर्दा यस गाउँपालिकाको शैक्षिक योजना निर्माणको लागी तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. संयोजक- श्री भिम बहादुर मर्साङ्गी-संयोजक सामाजिक विकास समिति
२. सदस्य- श्री पुष्पलाल शाही शिक्षा शाखा प्रमुख
३. सदस्य- श्री निर्मल शर्मा प्र.अ. सरस्वती मा.वि.वांगेशाल
४. सदस्य- श्री बेद बहादुर पुन वि.व्य.स अध्यक्ष-सरस्वती मा.वि. चाभा
५. सदस्य- श्री भक्त बहादुर मर्साङ्गी शिक्षक, सरस्वती मा.वि. बांगेशाल
६. सदस्य- श्री गिता पोखेल शिक्षक, बुद्द प्रा.वि. छत्तिवन दमार
७. सदस्य- श्री यमराज खनाल-विद्यालय कर्मचारी

**निर्णय न.१० यस गाउँपालकाको ६ न. वडाका पहिरो पिडितहरुको घरभाडा भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव न. १० माथी छलफल गर्दा यस गाउँपालिकामा २०७९ असोज महिनामा भएको अविरल वर्षाकाबाट विस्थापित भएका वडा न.६ का दुई घरपरिवार अन्य स्थानमा घरभाडामा बसोबास गर्दै आएका र निजहरुको आर्थिक अवस्था कमजोर भई घरभाडा भुक्तानी गर्न नसकेको गुनासो आएकोले निजहरुको घरभाडा वापत प्रति परिवार मासिक १५००/१५०० सयका दरले गाउँपालिकाले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय न.११ सडक बत्ती र सिसिक्यामेरा मर्मत सम्बन्धमा ।**

प्रस्ताव न. ११ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको बङ्गाडा बजार, दर्भान बजार र ददेरी क्षेत्रको सडक बत्तीहरु र र सिसिक्यामेरा मर्मत गर्नु पर्ने भएकोले उक्त सडकबत्तीहरु र सिसिक्यामेराको मर्मत गरी कन्टिन्जेन्सी शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## निर्णय न.१२ प्रहरि विट मर्मत तथा स्थापना खर्च सम्बन्धमा।

प्रस्ताव न. १२ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको वडा न. २ स्थित दर्भान बजारमा राखिएको प्रहरीविट स्थापना तथा मर्मत गर्दा खर्च भएको सम्पुर्ण रकम कन्टिन्जेन्सी शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय न.१३ प्रदेश समपुरक योजना सम्बन्धमा ।

प्रस्ताव न. १३ माथी छलफल गर्दा लुम्विनि प्रदेश सरकारको समपुरक अनुदान शिर्षकमा तपशिलका योजनाहरु छनौट गरी प्रस्ताव पठाउने साथै सो योजनाको लागी गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | योजनाको नाम | योजना स्थल | आ.ब.२०८०/०८१ को लागी अनुमानित बजेट | | |
|---|---|---|---|---|---|
| | | | समपुरक अनुदान रु | स्थानीय तहको साझेदारी रु | जम्मा |
| १ | नर्सरी वडा कार्यालय तित्रिबाझ सडक कालोपत्रे योजना | वडा न. १ | २५००००० | २५१०००० | ५०१०००० |
| २ | दर्भान बजार भित्रि सडक कालोपत्रे योजना | वडा न. २ | २५००००० | २५१०००० | ५०१०००० |
| ३ | बड्डाडा उपल्लो खुट्टी तिराम सडक निर्माण | वडा न. ४ र ६ | २५००००० | २५१०००० | ५०१०००० |
| ४ | बड्डाडा जस्पुर पुठाखोला दाङ्ग मो.बा.स्तरउन्नती | वडा न. ४ र ५ | २५००००० | २५१०००० | ५०१०००० |
| ५ | बड्डाडा धनकोट मोटरबाटो स्तरउन्नती | वडा न. ४ | २५००००० | २५१०००० | ५०१०००० |
| ६ | बायखोला-ओज्जेनी पक्की कलभर्ट निर्माण योजना | वडा न. ६ | २५००००० | २५१०००० | ५०१०००० |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

अक्कल बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## निर्णय न. १४ ढुंगा, गिट्टि,वालुवाको ठेक्का खोल्ने सम्बन्धमा ।

प्रस्ताव न. १४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको रासी नदिबाट नदि जन्य पदार्थ (ढुंगा, गिट्टि, वालुवा) को उत्खनन, निकासी र व्यवस्थापन सम्वन्धमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट सहमति प्राप्त भएपछि राष्ट्रपति चुरेले अनुमति दिएको परिमाण अनुसार प्रति घनफिट रु.६ का दरले पाचँवटै घाटहरुको छुट्टाछुट्टै ठेक्का प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय न. १५ आर्थिक सहयोग सम्बन्धमा ।

- यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | बिमारी/निवेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | सुन्तली सर्केनी | वडा न. ३ | १०००० | विपन्न असहाय सहायता |
| २ | आरजु सार्की/खुम बहादुर साकी | वडा न १ | १०००० | विपन्न असहाय सहायता |
| ३ | मुक्तिराम सारु | वडा न. ३ | १०००० | विपन्न असहाय सहायता |
| ४ | कृष्ण बहादुर थापा | वडान. २ | १०००० | विपन्न असहाय सहायता |
| ५ | हुकुम बहादुर बादी | वडा न. १ | १०००० | विपन्न असहाय सहायता |
| ६ | हुम बहादुर राना | वडा न.४ | १०००० | विपन्न असहाय सहायता |
| ७ | कुमारी उमे/भुपेन्द्र बहादुर महराक्षेत्री | वडा न. ६ | १०००० | विपन्न असहाय सहायता |
| ८ | कमला/हिरासिंह दमै | वडा न. १ | १०००० | विपन्न असहाय सहायता |
| ९ | अनम/हुमा धामी | वडा न. १ | १५००० | विपन्न असहाय सहायता |
| १० | बसन्ती बादी | वडा न. १ | १०००० | विपन्न असहाय सहायता |
| ११ | वसन्ता/भोज बहादुर धामी | बडा.न. १ | १५००० | दिर्घरोग सहायता |
| १२ | संगिता/लक्ष्मी धामी | बडा.न. १ | १५००० | दिर्घरोग सहायता |
| १३ | नसिरा खातुन | बडा.न. १ | १५००० | दिर्घरोग सहायता |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

अक्कल बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १४ | अमृतादेवी/निम ब.राना | वडा.न. १ | १५००० | दिर्घरोग सहायता |
| १५ | कृष्ण बहादुर थापा क्षेत्रि | वडा.न. १ | | दिर्घरोग सहायता |

## निर्णय न.१६ विविध सम्बन्धमा ।

- **पोष्टमार्टम र गाडी भाडा खर्च भुक्तानी सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिका वडा न. ४ स्थित छतिवनदमार गैरीघाट वस्ने श्रीमती रुनी भण्डारीको श्रीमान विष्णु भण्डारीको मिति २०७९/९/१४ गते राती भिरबाट खसेर लडी मृत्यु भएकोले निज मृतकको पोष्टमार्टम र गाडी भाडा वापत खर्च भएको रकम रु.९५००/- निज मृतककी श्रीमती रुनी भण्डारीलाई भुक्तानी दिने निर्णय गरियो ।

- **योजना संशोधन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. आ.ब.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत साना कृषि मेशिनरी औजार वितरण शिर्षकमा विनियोजन भएको रकमलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरी निम्नानुसार रकमान्तरण गरी खर्च गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | स्वीकृत योजना/कार्यक्रमको नाम | बजेट रु. | संशोधित योजना/कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बड्डाडा दाङ्गसिङ्ग मान्द्रे मो.वा. वडा न. ४ | ३४६२००/- | बड्डाडा बजार टुडीखेल निर्माण वडा न. ४ | ३४६२००/- | प्रधानमन्त्री रोजगार कार्यक्रम-पहल |
| २ | तल्लो हात्तिखाल खेलमैदान निर्माण वडा न. ५ | ५००००/- | तल्लो हात्तिखाल खेलमैदान निर्माण तथा तारजाली वडा न. ६ | ५००००/- | |

- **पहिरो पिडितको लागी खाद्यान्न सहयोगको भुक्तानी सम्बन्धमा**

गत असोज महिनामा भएको अविरल वर्षातमा पहिरोमा परी विस्थापित भएका घरपरिवारलाई तत्काल राहत स्वरुप चामल दाल लगाएतको खाद्यान्न सामाग्री खरिद गरी उपलब्ध गराईएको खाद्यान्न सामाग्रीअवापतको खर्च रकम रु ८३००/- गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

- जे.सी.भि को भाडादर सम्बन्धमा ।

यस गाउँकार्यपालिकाको मिति २०७९/४/६ गतेको कार्यपालिकाको निर्णय न. १० अनुसार यस गाउँपालिका भित्र प्रयोग हुने मेसिनको दररेटहरुमा तपसिल वमोजिम संशोधन गर्ने र मेसिनको दररेट भन्दा कुनै पनि किसिमको अन्य अतिरिक्त खर्च भुक्तानी दिन नपाईने निर्णय गरियो।

- टायरवाला व्याक हो लोडर-रु. ३०५१।- प्रति घण्टा (भ्याट ~~बाहेक~~ सहित)
- चैनवाला डोजर (१८० हर्ष पावर सम्म)-रु. ४८५९।- प्रति घण्टा (भ्याट ~~बाहेक~~ सहित) र ब्रेकर प्रयोग गरेमा रु. ६२१५।- प्रति घण्टा (भ्याट ~~बाहेक~~ सहित)
- चैनवाला डोजर (१८० हर्ष पावर भन्दा माथि)-रु. ६२१५।- प्रति घण्टा (भ्याट ~~बाहेक~~ सहित)र ब्रेकर प्रयोग गरेमा रु. ७४५८।- प्रति घण्टा (भ्याट ~~बाहेक~~ सहित)

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०७९/०९/१९

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत